# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत ६ गते २०३२ साल

श्री ५ को सरकार

**भूमिसुधार मन्त्रालयको**

**सूचना**

जग्गा (नाप जाँच) (दोस्रो संशोधन) नियमावली, २०३२

जग्गा (नाप जाँच) नियमावली, २०३२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार–ले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "जग्गा (नाप जाँच) (दोस्रो संशोधन) नियमावली, २०३२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. जग्गा (नाप जाँच) नियमावली, २०३२ को नियम ६ मा संशोधनः– जग्गा (नाप जाँच) नियमावली, २०३२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (३) मा रहेको "अनुसूची २" भन्ने शब्द र अंकको सट्टा "अन्य क्षेत्रको लागि अनुसूची २ र शहरी क्षेत्रको लागि अनुसूची २ क" भन्ने वाक्यांश राखिएको छ ।

३. मूल नियमावलीमा अनुसूची थपः– मूल नियमावलीमा रहेको अनुसूची २ पछि यसै साथ संलग्न अनुसूची २ क थपिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापी फर्म नं. १ क
क्षेत्रीय किताब

अनुसूची–२ क
(नियम ६ को उपनियम (३) संग सम्बन्धित)

श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय

| कित्ता नम्बर | मोहीको | | | जग्गावालाको | | | जग्गाको विवरण (घर, बगैंचा, पोखरी आदि) | जग्गाको किसिम (खण्ड क,ख,ग, घ वा ङ) | क्षेत्रफल | चौहद | | | | नापि भएको मिति | प्रमाण सङ्केत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सही छाप | नाम, थर र वतन तथा बाबु र बाजेको नाम | व्यहोरा | सही छाप | नाम, थर र वतन तथा बाबु र बाजेको नाम | व्यहोरा | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| | | | | | | | | | | | | | | | | |

गाउँ वा नगर पञ्चायत सदस्यको सहीछाप    नापी टोली प्रमुखको सहीछाप    नापी निरीक्षकको सहीछाप    अमिनको सहीछाप

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६८४